# मनप्रसाद सुब्बाको 'यथावत्' कवितामा तनाउ

- **शिवम शर्मा**
नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय

**सार -** प्रस्तुत लेखमा अमेरिकाली नवआलोचक एलेन टेटद्वारा प्रतिपादित तनाउको अवधारणा प्रस्ट पार्दै, साहित्यिक कृति अध्ययनका सन्दर्भमा प्रस्तुत अवधारणाको व्यावहारिकताबारे चर्चा गरिएको छ। यस लेखमा मनप्रसाद सुब्बाद्वारा लिखित 'यथावत्' शीर्षक कविताको विश्लेषण टेटद्वारा प्रतिपादित 'तनाउ'को अवधारणाका आधारमा गरिएको छ। यस अध्ययनका निम्ति आधार ग्रन्थका रूपमा एलेन टेटको पुस्तक **द म्यान अव् लेटर्स इन द मोडर्न वर्ल्ड** (इ सं १९५५) ग्रहण गरिएको छ। प्रस्तुत पुस्तकमा सङ्कलित 'टेन्सन इन पोयट्री' शीर्षक समीक्षात्मक निबन्ध नै यस लेखको मुख्य सैद्धान्तिक आधार हो। यस अतिरिक्त नगेन्द्रको **नयी समीक्षा : नये संदर्भ** (इ सं १९७०) नामक पुस्तकबाट पनि यस अध्ययनका निम्ति आवश्यक सामग्री ग्रहण गरिएको छ। टेटले कवितामा तनाउ देखाउने क्रममा विश्लेषण गरेको जेम्स थम्सन, अब्राहम काउले र जन डनका कविताका दृष्टान्त पनि यस शोध पत्रमा समावेश गरिएको छ। ती कविताका दृष्टान्त अङ्ग्रेजी मूलबाट यस शोध पत्रका लेखकद्वारा नेपालीमा अनुवाद गरिएको छ।

**बीज शब्द -** तनाउ, वाच्यार्थ, लक्ष्यार्थ, विरोधाभास, विडम्बना।

## १ विषय प्रवेश

बीसौँ शताब्दीको थालनीदेखि नै अङ्ग्रेजी साहित्यालोचनको परम्परामा नयाँ नयाँ प्रवृत्तिहरूको प्रादुर्भाव हुँदै आएको पाइन्छ। ती प्रवृत्तिहरूलाई स्थूल रूपमा हेर्ने हो भने मूलतः दुई प्रकारका देखिन्छन्- ऐतिहासिक समालोचना र रूपपरक समालोचना। ऐतिहासिक समालोचनाले साहित्यिक पाठलाई लेखकको व्यक्तिगत भाव वा विचारका रूपमा ग्रहण गर्दछ। यसले साहित्यलाई सामाजिक परिवेशको प्रतिबिम्ब मान्दै, समाज व्यवस्थाका विविध मानदण्डका आधारमा पाठको विश्लेषण गर्दछ। यसको साटो रूपपरक समालोचनाले साहित्यिक पाठलाई स्वायत्त ठान्दै, पाठकेन्द्रित अध्ययन गर्दछ। एलेन टेटका मतमा ऐतिहासिक आलोचनात्मक पद्धतिको विरोध वा त्यस पद्धतिप्रति उपेक्षाको भाव नै नवआलोचनाको मुख्य लक्षण हो (नगेन्द्र, इ सं १९७०, पृ-२३३)। यसै क्रममा साहित्यिक पाठको रूपपरक समालोचनाको एउटा प्रमुख पद्धतिका रूपमा अमेरिकाली नवआलोचनाको उदय भएको पाइन्छ।

नवआलोचनाको समय मुख्यतः इ सं १९२० देखि इ सं १९६० सम्म मानिन्छ। 'नवआलोचना' शब्दको प्रयोग पहिलोपल्ट कोलम्बिया विश्वविद्यालयका प्रोफेसर स्पिनगर्नले इ सं १९११ मा गरेका थिए, यद्यपि इ सं १९४१ मा जोन क्रो र्‍यान्समको 'द न्यू क्रिटिसिज्म' शीर्षकमा एउटा समीक्षात्मक लेख प्रकाशमा आएपछि अमेरिकाली नव आलोचनाको औपचारिक थालनी भएको मानिन्छ।

अङ्ग्रेजी साहित्यका आलोचक टी एस इलियटले स्वच्छन्दतावादी व्यक्ति केन्द्रित काव्य मूल्यलाई खण्डन गर्दै कविको व्यक्तित्वसँग दाँजेर कविताको व्याख्या, विश्लेषण गर्ने पद्धतिलाई साहित्य आलोचनाका सन्दर्भमा अप्रासङ्गिक मानेका छन्। उनले कवितालाई निर्वैयक्तिक साधना मानेका छन् र यसको स्वायत्त सत्ता हुने कुरा

उल्लेख गरेका छन् (रामस्वामी र सेतुरमण, इ सं २०११, पृ-१७२)। कविता स्तरीय हुनाका लागि त्यसको भाषा लाक्षणिक हुनु पर्दछ, यसका साथै कविको प्रौढताले कविता स्तरीय वा श्रेष्ठ बन्दैन, कविता यसको माध्यम भाषाको विकासद्वारा हुँदछ भन्ने इलियटको धारणा छ (नगेन्द्र, इ सं १९७०, पृ-२२४)। अर्का आलोचक आई ए रिचर्ड्सले भाषाका दुईवटा प्रयोग देखाएका छन्- वैज्ञानिक प्रयोग र रागात्मक प्रयोग। कविताको भाषा रागात्मक प्रयोगअन्तर्गत पर्दछ भन्ने उनको धारणा रहेको छ। कविताको भाषामा शब्द र अर्थमाझ तनाउ निहित रहन्छ, जसको निर्माण लक्षणा, विरोधाभास, विडम्बना, वक्रता आदि तत्त्वद्वारा हुँदछ। कृतिको रूपपरक विश्लेषण शब्दार्थ, छन्द, लय आदिको सम्प्रेषण क्षमताको विश्लेषणद्वारा हुँदछ भन्ने रिचर्ड्सको धारणा छ जसद्वारा कविताको अध्ययनमा नयाँ आयाम उद्घाटित भएको पाइन्छ (नगेन्द्र, इ सं १९७०, पृ- २२६)। रिचर्ड्सको मनोविज्ञानवाद नवआलोचनामा स्वीकृत नभए तापनि उनको **प्रिन्सिपल्स अव् लिटरेरी क्रिटिसिज्म** (इ सं १९२४) बाट तनाउ, सन्तुलन, भावात्मक र तथ्यात्मक भाषा, आइरोनी आदि शब्दहरूले त्यसमा प्रविष्टि पाएका छन्।  अतएव ऱ्यान्सम अमेरिकाली नव आलोचनाका प्रवर्तक मानिए तापनि टी एस इलियट र आई ए रिचर्ड्सका काव्यालोचनका सैद्धान्तिक अवधारणालाई अमेरिकाली नवआलोचकहरूले पृष्ठभूमिका रूपमा ग्रहण गरेका छन्। जोन क्रो ऱ्यान्सम, एलेन टेट, क्लिन्थ ब्रुक्स, विलियम एम्पसन, विलियम के विम्साट, रेने वेलेक, एफ आर लिविस, आर पी ब्ल्याकमर आदि प्रमुख नवआलोचकहरू हुन्।

“नयाँ आलोचनाको अभीष्ट के हो त? थोरै शब्दमा यसको उत्तर हो – कृति केन्द्रित हुनु” भन्ने कृष्ण गौतमको भनाइ छ (गौतम, वि सं २०५९, पृ-२४३)। नवआलोचकहरू रूपक, विरोधाभास, वक्रोक्ति, तनाउ, बिडम्बना आदिलाई कविताका मौलिक तत्त्व मान्दछन्। यी तत्त्वहरू कसरी एकाअर्कासँग अन्तर्सम्बन्धित छन्, त्यसको विश्लेषण नै नवआलोचनाको केन्द्रीय विषय हो। अमेरिकाली नवआलोचक क्लिन्थ ब्रुक्सले  रूपकलाई कविताको केन्द्रीय  तत्त्व मानेका छन्। उनी विरोधाभासलाई कवितात्मक भाषाको सार मान्दछन्। नवआलोचनाले कवितालाई स्वायत्त र स्वयम्मा पूर्ण भाषिक संरचना मान्दछ। नवआलोचना कवितालाई कविताकै रूपमा विश्लेषण गर्नु पर्छ भन्ने मतमा आधारित छ। यस आधारमा हेर्दा नव आलोचनाले साहित्यलाई भाषाको विशिष्ट स्वरूप मानेको तथ्य पुष्टि हुँदछ। कविताको कलात्मक भाषाको विश्लेषण गर्नु नै नवआलोचनाको मूल आधार हो।

## २ ‘तनाउ’को सैद्धान्तिक अवधारणा

‘कवितामा तनाउ’ अमेरिकाली नवआलोचक एलेन टेटद्वारा प्रतिपादित अवधारणा हो। **द म्यान अव् लेटर्स इन द मोडर्न वर्ल्ड** नामक पुस्तकमा सङ्कलित ‘टेन्सन इन पोयट्री’ शीर्षक लेखमा उनले यस विषयबारे चर्चा गरेका छन्। उनले कवितालाई कविको आत्म अभिव्यक्ति वा पाठकको भावनात्मक प्रतिक्रियाको साधन मान्नाका साटो स्वयम्मा पूर्ण र स्वतन्त्र संरचना मानेका छन् जसको अर्थ भाषिक एवम् संरचनागत सम्बन्धबाट प्रकाशित हुँदछ। टेटले ‘टेन्सन’ शब्दको प्रयोग कुनै मनोवैज्ञानिक वा भावनात्मक तनाउका सन्दर्भमा प्रयोग नगरेर साहित्यिक पाठमा अन्तर्निहित अर्थका विभिन्न तहमाझको सन्तुलनका सन्दर्भमा गरेका छन्। ‘तनाउ’ शब्दले कृतिमा उद्घाटित विविध अर्थहरूमाझको आन्तरिक द्वन्द्व मात्र नबुझाएर विशेषतः त्यस द्वन्द्वभित्रको सन्तुलन बुझाउँदछ। कवितामा प्रयुक्त प्रत्येक शब्द, अर्थ, प्रतीक, बिम्ब, लय जस्ता संरचनात्मक उपकरणहरू एकाअर्कामा अन्तर्सम्बन्धित हुँदछन्। यी तत्त्वहरूको पृथक् पृथक् अध्ययन गरिँदा पाठको समग्र अर्थ दुर्बल प्रतीत हुँदछ। त्यसर्थ एलेन टेटले कविताको अन्तर्तहमा निहित अर्थान्वेषणका निम्ति यसको भाषिक संरचनाभित्रको तनाउयुक्त सबन्धबारे विश्लेषण गर्नु पर्ने आवश्यकता बोध गरेका छन्। अतः यहाँ ‘तनाउ’ नकारात्मक अर्थ प्रभावका सन्दर्भमा प्रयुक्त छैन, बरू पाठको अर्थ उत्पादन गर्ने सिर्जनात्मक शक्तिका रूपमा प्रयुक्त देखिन्छ।

टेटले कविताका सन्दर्भमा शब्दका दुई प्रकारका अर्थ सङ्केत देखाएका छन्- १. अन्तर्मुखी अर्थ सङ्केत वा लक्ष्यार्थ र २. बहिर्मुखी अर्थ सङ्केत वा वाच्यार्थ। उनी अन्तर्मुखी अर्थ सङ्केतलाई कुनै भाव वा विचारको प्रतीक मान्दछन्। बाह्य जगत्का वस्तुसँग यसको प्रत्यक्ष सम्बन्ध हुँदैन अर्थात् वाच्यार्थ र कविताको अभीष्टार्थमाझ कुनै युक्तियुक्त सम्बन्ध हुँदैन। बहिर्मुखी अर्थ सङ्केतको भने मूर्त वा गोचर वस्तुसँग प्रत्यक्ष सम्बन्ध हुँदछ। कवितामा प्रयुक्त शब्दको आन्तरिक र बाह्य अर्थ सङ्केतमाझको सन्तुलन नै तनाउ हो (जैन, इ सं २०१५, पृ- १४३)। टेट अनुसार तनाउ नै काव्यको आत्मा हो अनि यसैले कविताको गुणस्तर बढाउँदछ। कुनै कविता कृति स्थूल तत्त्व अर्थात् विषयवस्तुबाट थालिएर सूक्ष्म तत्त्व अर्थात् अनुभूति बिम्बतर्फ जाँदछ भने कुनै कविता कृति सूक्ष्म तत्त्वबाट स्थूल तत्त्वतर्फ उन्मुख हुँदछ। तथापि यी दुईवटा तत्त्वका बिचको तनाउ नै कविताको संरचनात्मक रूप हो भन्ने वासुदेव त्रिपाठीको धारणा छ (त्रिपाठी, वि सं २०६५)। तनाउ कवितालाई समग्र रूपमा विश्लेषण गर्ने वस्तुनिष्ठ समालोचनात्मक अवधारणा हो। टेट अनुसार कुनै कुनै कविताले पाठकका मनमा भाव त उमार्छ तर त्यसले औचित्यपूर्ण बिम्ब सिर्जना गर्न सक्तैन। कुनै कवितामा दृष्टिगोचर बिम्ब सृष्टि त हुन्छ तर त्यसमा औचित्यपूर्ण भाव प्रकाश गर्ने क्षमता हुँदैन। यी दुवै प्रकारका कवितामा तनाउ नभएकाले तिनलाई गुणस्तरीय कविता मान्न सकिँदैन भन्ने उनको धारणा छ। काव्यगुणबारे टेटका विचारहरूलाई बुँदागत रूपमा निम्न प्रकारले समेटिएको छ –

- साहित्यको मूल आधार भाषा हो। कवि वा कविताको दर्शन जेसुकै होस्, पाठकले त्यसलाई भाषाका माध्यमद्वारा नै ग्रहण गर्दछ।
- काव्य भाषाको मूल गुण नै तनाउ वा सन्तुलन हो। अभिधार्थ शब्दको विस्तार हो अनि लक्ष्यार्थ आफैमा अन्तर्वस्तु हो। शब्दका अभिधार्थ र लक्ष्यार्थमाझ सन्तुलन वा प्रस्तुत र अप्रस्तुतमाझको सन्तुलनले नै कविताको अर्थमा गहनता प्रदान गर्दछ। तसर्थ, यो सन्तुलन जति पूर्ण हुन्छ, काव्यगुणको उत्कर्ष पनि उति नै वृद्धि हुँदछ।
- कविताले पाठकका मनमा पहिलेदेखि नै विद्यमान रागात्मक मनस्थिति, भाव संस्कार आदिको प्रस्फुटन मात्र गराएमा कविको मौलिक उपलब्धि केही रहँदैन। यसका साथै अलङ्कृत भाषाको प्रयोगले मात्र कविताको अर्थ विस्तार हुन सक्तैन, त्यसर्थ कवितामा यी दुवै गुणको सन्तुलन अपेक्षित देखिन्छ। टेट अनुसार कविताको अर्थगत सौन्दर्यको सम्प्रेषणमा नै कवि कर्मको सिद्धि छ (नगेन्द्र, इ सं १९७०, पृ-२३६,२३७)।

पाठमा प्रयुक्त शब्दको वाच्यार्थ, त्यसको लक्ष्यार्थ वा व्यङ्ग्यार्थ कसरी प्रस्तुत छन्? यी दुवै अर्थले पाठको समग्र अर्थ संरचनामा कस्तो प्रभाव उत्पन्न गर्दछ? यी सबै प्रश्नको उत्तर 'तनाउ'को अवधारणाले प्रस्तुत गर्दछ। यी सबै पक्षले एकाअर्कासँग सहकार्य गर्दै कविताको अर्थ निर्माण गर्दछ भन्ने टेटको धारणा छ। टेटले कवितामा अन्तर्निहित कलात्मकता देखाउनाका लागि जेम्स थम्सन, अब्राहम काउले र जन डनका कविताहरूको दृष्टान्त प्रस्तुत गरेका छन्। उनले शब्दका आन्तरिक र बाह्य अर्थमाझ सन्तुलन नहुँदा कविताको सौन्दर्यगत सम्प्रेषण कसरी फितलो हुन्छ भन्ने कुरा थम्सनद्वारा रचित 'द वाइन' शीर्षक कविताको निम्न कवितांशको विश्लेषणद्वारा पुष्टि गरेका छन्-

सङ्गीत प्रेमको मदिरा हो
अनि गीत प्रेमको भोज,
बस्दछ प्रेम जब भोग गर्न यिनलाई
लिँदछ रस मग्न भई।

(टेट, इ सं १९५५, पृ-६७)

प्रस्तुत कवितांशले पाठकका मनमा एउटा निर्दिष्ट भावको बीजारोपण भने गरेको छ तर यसमा प्रयुक्त 'सङ्गीत', 'प्रेम', 'मदिरा' आदि शब्दहरू परस्परमा सम्बन्धित देखिँदैनन्। यसबाट प्रस्फुटित भावाभिव्यक्तिमा तर्कसम्मत विन्यास देखिँदैन। टेट अनुसार यस कवितामा अभिव्यक्त भाव अमूर्त छ जसको मूर्त वस्तुसँग स्पष्ट सादृश्य रहेको पाइँदैन। यसर्थ यस कवितांशमा अर्थ विस्तारको सम्भावना न्यून रहेको पाइन्छ। यसका ठिक विपरीत काउलेको 'हिम : टु लाइट' शीर्षक कवितामा अभिधार्थ स्पष्ट छ तर लक्षणा वा व्यञ्जनाद्वारा प्राप्त अर्थमा सिद्धता पाइँदैन। कवितांश यस्तो छ-

यी सबै विजय उत्सवमा, तिमी सङ्कोच नमान
रङ्गिन जुनकिरी जो सुन्दर छन्,
ती सुनौला जीवित ताराहरू हुन्
(हे गर्वविहीन महानता!) खेतका झार जङ्गलहरूको।

(टेट, इ सं १९५५, पृ-६७)

प्रस्तुत कवितांशमा दृष्टिगोचर वस्तु स्थिर छ, तर 'एक्सटेन्सन' अर्थात् विस्तार र 'इन्टेन्सन' अर्थात् अन्तर्वस्तुमाझ सन्तुलन नभएकाले तनाउको गुण निहित छैन भन्ने टेटको भनाइ छ। उनी पहिलो अवतरणमा अभिधार्थ विफल छ अनि दोस्रोमा लक्ष्यार्थ विफल छ भन्ने मान्छन्। यी दुवै थरिका दोषबाट मुक्त छ डनको 'अ भ्यालडिक्सन : फर्बिडिङ मर्निङ' शीर्षक कविता –

हामी दुईजनाका आत्मा एउटै र अभिन्न हुन्
म मरे पनि यी खण्डित हुँदैनन्,
बरू अझ फैलिँदै जाने छन्,
वायुतुल्य पातलो स्वर्णपत्रझैँ दिगन्त विस्तारमा

(टेट, इ सं १९५५, पृ-७२)

धातुहरूमध्ये सुनको एउटा यस्तो विशिष्टता छ, जसलाई जति पिट्यो उति फैलिँदै जान्छ तर टुक्रिँदैन। प्रस्तुत कवितामा वर्णित दुईजना प्रेमीहरूका आत्माको एकता पनि सुनको झैँ असीम र अखण्ड छ। प्रस्तुत कवितामा चमत्कार कहाँ निहित छ भने आत्माको एकता जस्तो अमूर्त भावको अभिव्यक्तिका लागि एउटा गोचर बिम्ब 'स्वर्ण पत्र'को प्रयोग गरिएको पाइन्छ।

## ३ 'यथावत्' कवितामा तनाउ

प्रकाशनका दृष्टिले कवि मनप्रसाद सुब्बाको छैटौँ कविता सङ्ग्रह **अक्षर अर्केष्ट्रा** (इ सं २००४)-मा सङ्कलित 'यथावत्' शीर्षक कवितामा मूर्त र अमूर्त वा प्रस्तुत र अप्रस्तुत भावमाझ देखिने सन्तुलनको स्थिति कुन प्रकारको छ भन्ने कुरो निम्न रूपमा प्रस्तुत गरिएको छ –

नदीको पानी यो शरीर
बगेर बितिरहन्।

(सुब्बा, इ सं २००४, पृ-१२)

सामान्यतः 'नदीको पानी' भन्नाले गतिशील स्थिति बुझिन्छ, जुन अस्थिर हुँदछ। अतः यो थामिँदैन, निरन्तर बगिरहन्छ। यसै गरी प्रस्तुत पङ्क्तिमा 'शरीर' 'नदीको पानी'मा आरोपित रहेको देखिन्छ, त्यसो हुँदा 'शरीर' पनि 'नदीको पानी' झैँ निरन्तर बगिरहन्छ भन्ने अर्थ प्रकट हुँदछ। 'नदीको पानी'ले जीवनको अनवरत प्रवाहप्रति सङ्केत गर्दछ। यसले प्रतीकात्मक अर्थमा समयको अविरल गतिलाई द्योतन गर्दछ। प्रस्तुत कवितांशमा प्रयुक्त शब्दावली 'नदीको पानी' शब्दको बहिर्मुखी अर्थ सङ्केत हो, 'नदीको पानी' झैँ बगिरहने नश्वर 'शरीर' भने यसको लक्ष्यार्थ हो। यस उद्धृतांशमा प्रयुक्त 'बगेर बितिरहन्छ' क्रियापदद्वारा मृत्यु एउटा अकाट्य सत्य हो भन्ने दर्शन ध्वनित हुँदछ। अतः 'बगेर बितिरहनु' भन्नाले सक्रिय वा चलायमान देहको अन्त्य वा निष्क्रियता बुझिन्छ। यहाँ नदीका दुईवटा पक्ष प्रस्तुत छन्, एउटा सतहमा स्थिर र अर्को अन्तर्तहमा अस्थिर। सतहमा नदी एकनासले बग्दछ भने अन्तर्तहमा यसको बहाव एवम् गति विविधतापूर्ण हुँदछ। यसबाट जीवनको गतिशील एवम् परिवर्तनशील स्थिति उद्घाटित हुँदछ। 'नदीको पानी'मा आरोपित मानव शरीरको सम्बन्ध परस्परमा स्पष्ट र युक्तियुक्त देखिन्छ। पूर्वीय साहित्य सिद्धान्तको शब्दावलीमा भन्नु हो भने प्रस्तुत कवितांशमा अभिधार्थ र लक्ष्यार्थमाझ सन्तुलन रहेको पाइन्छ। 'नदी', मानव 'शरीर' र मानव 'जीवन'को सम्बन्ध यस कवितामा कसरी स्थापित छ भन्ने कुरा निम्न कवितांशबाट पुष्टि हुँदछ-

बगरको फाँट यो जिन्दगी
असहाय हेरिरहन्छ।

(सुब्बा, इ सं २००४, पृ-१२)

यस कवितांशमा 'बगर' मानव जीवनमा आरोपित छ। सामान्यतः 'बगर' नदीले बगाइल्याएको ढुङ्गा माटाद्वारा निर्मित एउटा स्थान हो। 'बगर' जल प्रवाहको किनार भए तापनि यो नदीभन्दा बेग्लै होइन, यो पूर्णतः नदीमै सङ्लग्न हुँदछ। अर्का दृष्टिले हेर्ने हो भने बगरबिना नदीको कल्पना पनि गर्न सकिँदैन। यी दुवैका अस्तित्व एकाअर्काप्रति आश्रित रहेको पाइन्छ। नदीको किनारमा बसेर बगरले धेरै कुरा भोगेको हुँदछ, यसले नदीको जल स्तरमा आएको उतार चढाउ देखेको हुँदछ। नदीमा पानीको स्तर बढ्दा, भेल आउँदा बगर स्वयम् नदीमा परिणत हुँदछ। यसरी नदीले घरिघरि बगरलाई आफूमा समाहित गर्दै, यसको स्वरूप र संरचना परिवर्तन गरिरहन्छ। तर बगररूपी जीवनले केही गर्न सक्तैन, वास्तवमै यसले 'असहाय' भएर हेरिरहन्छ। यहाँ बगरले जीवनको जटिलता, सङ्घर्ष, असफलता, चुनौती जस्ता विविध आयामलाई प्रकाशमा ल्याएको छ। यसबाट हर्ष, विषाद, सङ्घर्ष आदिले नै बगर अर्थात् जीवनलाई जीवन्त र सक्रिय तुल्याएको छ भन्ने अर्थ प्रकट हुँदछ। बगरले भोगेको, देखेको सबै घटना जीवनका विविधता हुन्। यिनै विविध आयामले कविताको अन्तर्वस्तु बगरको फाँटझैँ फैलिएको छ। बगिरहनु जीवनको नैरन्तर्य स्थिति हो र 'बगेर बितिरहनु' जीवनको वास्तविकता हो। जन्म र मृत्युमाझको यही वास्तविकतालाई बगरले असहाय भएर हेरिरहन्छ। माथि उद्धृत दुईवटा कवितांशले जीवनको सतत प्रवाह र त्यसका चुनौतीमाझको अन्तर्द्वन्द्व प्रस्तुत गर्दछ। यस द्वन्द्वलाई अझ चरमता प्रदान गर्दै निम्न कवितांशले समग्र कवितामा आन्तरिक सन्तुलन यस प्रकार ल्याएको छ-

शरीर र जिन्दगी दुवै भोग्ने
त्यो आफूभित्रको म भने
यौटा नदी हो
जो अविरल पानी बगाउँदै तर
यथावत् रहिरहन्छ।

(सुब्बा, इ सं २००४, पृ-१२)

भारतीय अध्यात्म दर्शनमा आत्मालाई अमर मानिएको छ। यो कहिल्यै खण्डित हुँदैन, यसले केवल आफ्नो बाहिरी आवरण अर्थात् शरीर मात्र फेरिरहन्छ। एउटा शरीर क्षय भएपछि यसले अर्को शरीरमा प्रवेश गर्दछ भन्ने मान्यता छ। प्रस्तुत कविता यही अवधारणामा केन्द्रित रहेको देखिन्छ। प्रस्तुत कवितांशमा 'आफूभित्रको म' चैतन्य वा आत्माको अर्थ द्योतकका रूपमा प्रयुक्त छ। अतएव यस परिप्रेक्ष्यमा हेर्दा आत्मा एउटा नदी हो, जसमा बहने पानी अर्थात् शरीर अस्थिर छ, तर नदी भने त्यहीँ स्थिर रहन्छ। यसबाट के बुझिन्छ भने जसरी एउटा नदीमा असङ्ख्य मात्रामा पानी बगिरहन्छ, भेल आइरहन्छ, पानी अडिएर रहँदैन, त्यसरी नै आत्माले पनि आफूलाई नयाँ नयाँ शरीरमा समावेश गरिरहन्छ। यसबाट जल प्रवाह स्वरूप नश्वर शरीर परिवर्तन भइरहन्छ तर नदी स्वरूप आत्मा भने यथावत् रहिरहन्छ भन्ने अर्थ प्रकाशित हुँदछ। नदीको शाश्वतताले आत्मालाई लक्ष्य गर्दछ भने जल प्रवाहले देहको नश्वरता, जीवनको क्षणभङ्गुरता जस्ता अर्थ प्रतिपादन गर्दछ। प्रस्तुत कवितामा सामान्यतः एउटै प्रतीत हुने 'नदी', 'नदीको पानी' र 'बगर' माझ सूक्ष्म भेद प्रतिस्थापन गरिएको छ। क्रमशः आत्मा, देह र जीवनलाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ, जसले कवितामा अभिनव चमत्कार सिर्जना गरेको पाइन्छ।

आधुनिक चित्रकलाले जीवनका बाह्य र आन्तरिक अनेकौँ स्वरूप दृष्टिगोचर र अमूर्त दुवैको एकै साथ चित्र प्रस्तुत गरे झैँ आधुनिक कविताले जीवनलाई सिङ्गो रूपमा अध्ययन गर्दछ भन्ने अभि सुवेदीको धारणा यस सन्दर्भमा समीचीन ठहर्दछ। एकातिर 'नदी', 'पानी' र 'बगर' शब्दका बहिर्मुखी अर्थ सङ्केत हुन् भने अर्कातिर 'शरीर' र 'आफूभित्रको म' र 'मानव जीवन' शब्दका अन्तर्मुखी अर्थ सङ्केत हुन्। एलेन टेटद्वारा विवेचित जन डनको कवितामा झैँ मनप्रसाद सुब्बाको यस कवितामा पनि प्रस्तुत र अप्रस्तुत एवम् मूर्त शब्द र अमूर्त भावमाझ औचित्यपूर्ण तादात्म्य रहेको पाइन्छ। सामान्यतः अमूर्त भावको अभिव्यक्तिका लागि गोचर बिम्बका प्रयोगले विरोधाभासपूर्ण स्थिति सिर्जना गर्दछ भन्ने टेटको मत छ (टेट, इ सं १९५५, पृ-७३)। यही विरोधाभासयुक्त संरचनाले पाठलाई बहुअर्थी तुल्याई कलात्मक बनाउँदछ। यसै प्रकारले प्रस्तुत कविताका सन्दर्भमा वाच्यार्थमा बाधा उत्पन्न नभइकन कविताको अभीष्टार्थ पूर्ण रूपमा प्रस्ट छ जसले कविताको अर्थलाई अझ घनीभूत र प्रभावशाली तुल्याएको छ।

## ४ निष्कर्ष

साहित्य एउटा भाषिक कला हो अनि यसको भाषा लाक्षणिक हुँदछ। कविताको भाषा लाक्षणिक भए तापनि यसमा प्रयुक्त शब्दहरूले भौतिक जगत्सँग स्पष्ट सम्बन्ध राख्दछन्। ती शब्दका वाच्यार्थ र साङ्केतिक अर्थमाझ तादात्म्य नहुँदा कविताको अर्थ विस्तार क्षीण बन्दछ। यस आधारमा हेर्दा मनप्रसाद सुब्बा कृत 'यथावत्' शीर्षक कविताको अभिधार्थ र लक्ष्यार्थमाझ युक्तिसङ्गत सम्बन्ध रहेको पाइन्छ जसले गर्दा कवितात्मक अर्थ सिद्ध भएको छ। यहाँ आत्मा र देहमाझको जटिल एवम् अमूर्त सम्बन्ध स्थापना हेतु प्रयुक्त 'नदी', 'बगर' जस्ता मूर्त स्वरूपले प्रभावकारी व्यङ्ग्यार्थ प्रकट गरेका छन्। यस प्रकारका रूपकात्मक संरचनाको प्रयोगले काव्यात्मक सुन्दरतामा कुनै ह्रास आएको छैन बरू यो अझ समृद्ध र अर्थपूर्ण बनेको छ। मितव्ययिताको प्रयोग यस कविताको अर्को मुख्य गुण हो। अन्ततः एलेन टेटकै शब्दावलीमा भन्नु पर्दा प्रस्तुत कविता तनाउयुक्त रही यसको काव्यगत सम्प्रेषण सशक्त बनेको छ।

## सन्दर्भ

१ गौतम कृष्ण, वि सं २०५९, **आधुनिक आलोचना : अनेक रूप अनेक पठन**, काठमाडौँ, साझा प्रकाशन
२ जैन निर्मला (सम्पा), इ सं २०१५, **नयी समीक्षा के प्रतिमान**, नयाँ दिल्ली, किताब घर प्रकाशन
३ त्रिपाठी वासुदेव, वि सं २०६५, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा २**, काठमाडौँ, साझा प्रकाशन
४ नगेन्द्र, इ सं १९७०, **नयी समीक्षा : नये संदर्भ**, दिल्ली, नेसनल पब्लिसिङ कम्पनी
५ सुब्बा मनप्रसाद, इ सं २००४, **अक्षर अर्केष्ट्रा**, नाम्ची सिक्किम, निर्माण प्रकाशन
६ सुवेदी अभि, वि सं २०३८, **सिर्जना र मूल्याङ्कन**, काठमाडौँ, साझा प्रकाशन
७ Ramaswamy S. and V. S. Sethuraman (Ed.), 2011, **The English Critical Tradition**, New Delhi, Macmillan Publishers
८ Tate Allen, 1955, **The Man of Letters in the Morden World**, New York, Meridian Books